
# BOOK REVIEW
## of the month
### Bhadra

## ‘पुस्तक समीक्षा’ छन्दमालिका कविता सङ्ग्रह

विधाः कविता
लेखकः डा. सीता सुवेदी पन्थी
प्रकाशकः चन्द्रशखेर पन्थी
प्रकाशन मिति : २०८१, दोस्रो संस्करण

नाम : विजित पौडले
कक्षा : १२




छन्दमालिका निकै सुन्दर छन्दकविता सङ्ग्रह हो । जसको सिर्जनाकार सीता सुवेदी पन्थी हुनुहुन्छ । उहाँले छन्दमालिका मात्र नभएर अरू पनि कवितासङ्ग्रह बालकविता सङ्ग्रहहरू लेख्नुभएको छ । छन्दमालिका कवितासङ्ग्रहमा जम्मा ७२ वटा कविताहरू सङ्गृहित छन्। कविताहरू छुट्टाछुट्टै छन्दमा लेखिएको छ । यस पुस्तकमा प्रयुक्त कविताहरू अनुष्टुप, भजुङ्गप्रयात, शालिनी, मालिनी, शिखरिणी, स्रग्धरा, मन्दाक्रान्ता, उपजाति , वशैंवदेवी, तोटक, सयुंता, पञ्चचामर, चित्रलेखा, हरिणीलुप्ता भ्रमरावली, आदि छन्दको प्रयोग गरी कविताहरू रचिएका छन्। यी कविताहरूमा सामाजिक, राजनीतिक, प्राकृतिक, र देशभक्ति लगायतका विषयहरू समेटिएका छन्। यस पुस्तकमा रहेका केही कविता जसले मेरो मन छोयो ती कविताका बारेमा लेख्ने प्रयास मैले गरेको छुः

यो कविता भुजङ्गप्रयात छन्दमा लेखिएको छ । यसको गण यययय रहेको छ र विश्राम छैटो अक्षरमा दिनु पर्ने छ। यो कवि तामा प्रकृतिको सुन्दरतालाई बयान गरिएको छ । नेपालको खोलानाला, हिमाल, मौसम, ऋतुहरूको पनि यस कवितामा सुन्दर शब्दहरूले बयान गरिएको छ।

# BOOK REVIEW
## of the month
### Bhadra

जस्तोकि:
मभित्रै छ आत्माभिमानी विधाता
मभित्रै छ निष्ठा र बन्धुत्व भाव
म आस्था उमार्दै छरूँ ज्ञान भारी
चिनूँ ब्रह्मलाई भरूँ त्यो भकारी

पुष्ठ २३ 'भरूँ त्यो भकारी'

यस कवितामा कहीँ गाई आत्माप्रेमको भावना पनि लुकेको आभास हन्छ । माथिको पङ्क्तिमा हामीले आफभित्रै राम्रो करा खोज्नुपर्छ र आफबाटै राम्रो कामको सुरुवात गर्नु पर्छ भन्ने जस्तो भाव पाइन्छ । यो पङ्क्तिमा आफुभित्रको मान्छेलाई चिन्नुपर्ने र आफूसँगै रहेको ज्ञान बुझ्नु पर्ने जस्तो भाव छ ।

म नारी भन्ने कवितामा नारीले पनि अवसर पाउनपुर्छ र नारीहरूलाई अहिलेको समाजमा जसरी दबाइन्छ त्यस्तो काम बन्द हुनुपुर्छ भन्ने भाव देखिन्छ । यो कवितामा एक नारीले आफु नारी भएकोमा केही गल्ती गरेको हो कि भन्ने प्रश्न गरेकी छिन्।

जस्तोकि:
छ मातृत्व प्यारो मरी बाँच्न सक्छु
म ब्रह्माण्ड सारा रची हाँस्न सक्छु
नखेल्नू झुकाईकाई सधैं तुच्छ खेल
छ सम्मान मेरो बिना जालझेल

पुष्ठ २४ 'म नारी'

माथिको पङ्क्तिमा नारीहरू हामी सबैलाई जन्म दिनेजननी हुन्र उनीहरूलेनैयो ब्रह्माण्डको रचना गरेको हो भनेर भनि एको छ। हाम्रो ससं् कारमा पनि नारीलाई आमा भनेर चिनिन्छ र सबै नारीको सम्मान गर्नुपर्छ भनेर सिकाइएको हुन्छ । तर अहिलेको समाजमा नारीहरूलाई हेप्ने काम हुन्छ ।

# BOOK REVIEW
## of the month
### Bhadra

यस्तै कामहरूको विरोध गर्दै कविले यसरी नारीलाई झकुाई तुच्छ खेल नखेल्न भनेर भनेकी छिन्। उनले नारीहरूले पनि सम्मान पाउनु पर्छ भनेर आफ्नो विचार राखेकी छिन्।
यो कविता मालिनी छन्दमा लेखिएको छ। यसका गणहरू ननमयय रहेकोछ भने विश्राम आठौँ अक्षरमा रहेको छ।
यस कवितामा कविले युवा कवि भनेर चिनिने भानुभक्त आचार्यका लागि कविता लेखेकी छन्। उनले भानुको सम्झना र सम्मानमा यो कविता लेखेकी हुन्।

जगभर रवि छर्ने काव्यका सिद्ध मोती
मनभर रस भर्ने भानु हौ नव्य ज्योति
सबतिर छरिएका मन्त्र तिम्रा पवित्र
अजर अमर वाणी काव्यका शब्दचित्र

पुष्ठ ४९ 'भानुको सम्झनामा'

यस कवितामा उनले मोतीलाई जग भरी रवि छर्ने कवि म नभएर रस भर्ने नयाँ ज्योतिको रूपमा देखाएका छन्। मोतीराम भट्ट भानुभक्तलाई प्रकाशमा ल्याउने महान् कवि पनि थिए। कविले मोतीका श्लोकहरूलाई प्रकाशको किरणसँग तुलना गरेका छन्। यस पङ्कतिले मोतीराम भट्टप्रति कविको पुर्ण सम्मान देखाउँछ।

फाल्दैअन्ध परम्परा सफलता छाई उज्यालोपन
भर्दै मानवता प्रफुल्ल दिल यो पार्ने अनौठो घन
डुब्दा ती रसछन्दका लहरमा स्वच्छन्दता साथमा
सारा मानवजन्म सार्थकर्थ हने साहित्य हो साधना

पुष्ठ ७३ 'साहित्य हो साधना'

यस कवितामा कविले साहित्यको महानताको वर्णन गरेका छन्। कवि भन्छन्, साहित्यले अन्धकारमा उज्यालो ल्याउन सक्छ, पुरानो नराम्रो परम्पराबाट मुक्त हुन मद्दत गर्छ। मानिसहरूको हृदयलाई रमाउने हो साहित्य भनेर वर्णन गर्नुहुन्छ। साहित्यले हामीलाई जीवित महसुस गराउँदछ र यो हामी पुर्ण हुन आवश्यक छ भन्ने कुरा कविले भनेका छन्। उनको अनुसार मानवजन्म सार्थक हुने साहित्य साधना हो।

# BOOK REVIEW
## of the month
### Bhadra

यस कवितामा कविको अफ्नै दु:ख लेखेका छन्। कवि भन्छन् मनमा गहिरो दु:खको जरा गाडको छ। आफ्नो मातृभुमिलाई यस्तो अवस्थामा देख्दा उनको घाइते मन रुन्छ। उसको छाती दुख्छ तर त्यहाँ मलम हाल्ने कोही छैन।

छ भ्रष्टाचारीले विचलित सबै देख्दछ कविता
हवामा त्यो उड्दै जहर छ हरे ! मन्द छ रवि
दुराचारी बढ्दा धरमर छ यो संस्कृति यता
कठै ! आमा रुन्छिन् थकित कवि के लेख्छ कविता ?

पुष्ठ ७६ 'थकित कवि के लेख्छ कविता'

यहाँ लेखकले नेपालमा भ्रष्टाचारको नराम्रो अवस्थाबारे चर्चा गरेकी छन्। हाम्रो देशमा समस्या दिनानुदिन बढ्दै गइरहेको छ जसले हरेक मानिसको जीवनमा पनि असर गरि रहेको छ तर कसैलाई वास्ता छैन। नेपालको असल संस्कृति लोप हुँदै छ र हाम्रो आफ्नै संस्कृति ध्वस्त हुन लागेको छ। हाम्रो आमा नेपाल रोए पनि लेखकले केही गर्न सक्दैन किनभने उहाँ पहिले नै थकित हुनहुन्छ र उहाँले परिवर्तन ल्याउन केही गर्न सक्नु हुन्न।

भ्रष्टाचार, विकारको नव जाल त्यो सब देखियो
कालो कर्तुत सारमा इतिहासमै अब लेखियो
देशाचार हराउँदा जग मैलिएर विषाक्त भो
सीमा छैन विध्वंसको सरकार पो किन चाहियो

पुष्ठ ७६ 'सरकार पो किन चाहियो'

कविले नेपालको वर्तमान राजनीतिक अवस्थाप्रति आक्रोश पोखेका छन्। भ्रष्टाचार र भ्रष्ट नेताहरूको कारणले हाम्रो देश नाजुक अवस्थामा छ। हरेक वर्ष हामी राम्रो उम्मेदवार छनोट गरी देशको विकासमा सहयोग पुगोस् भन्ने आशा राख्छौँ तर हाम्रो आशा हरेक पटक आशाकै रूपमा मात्र रहन्छ। नेताहरूले हाम्रो देशको इज्जतको वास्ता गर्दैनन्। हाम्रो अस्तित्व एक दिन हराए पनि तिनीहरूलाई केही फरक पर्दैन। त्यसलै आफ्नो मातृभुमिको रक्षा गर्न नसक्ने सरकार चाहिँदैन भन्ने आशय कविको यस कवितामा व्यक्त भएकोछ।

# BOOK REVIEW

## of the month

### Bhadra

मलाई यो पुस्तकका प्रत्येक कविता पढ्दा म कवितामै हराएँ। यस सङ्ग्रहका सबै कविता सुन्दर छन्। कविताहरूमा धेरै कुराहरू उठाइएका छन्। यस सङ्ग्रहका कविताहरूले हामी सबै नेपाली र खासगरी देशका नेतृत्ववर्गलाई सचेत बन्न आग्रह गरेका छन्। मैले ती सबैकविता धेरै नै मन पराएँ। विषय र भावका दृष्टिले पनि कविताहरू उत्कृष्ट छन्। शब्द र अर्थ अलङ्कारका दृष्टिलेसमेत त्यतिकै प्रभावशाली छन्। यदि तपाईं कविता मन पराउनुहुन्छ र कविता पढ्न चाहनुहुन्छ भने, म यो सङ्ग्रह लयसहित वाचनका लागि सिफारिस गर्दछु। छन्द कविता मन पराउने पाठक जो कोहीका लागि यो एक अद्भुत आनन्दको अनुभव हुने छ।